# भूकम्प प्रभावित जिल्लाहरुमा पशुपन्छी सम्बन्धि राहत तथा पुनर्स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७३

१. पृष्ठभूमीः

२०७२ साल बैशाख १२ गते आएको विनाशकारी भूकम्पबाट र अन्य पराकम्पनका कारण अति प्रभावित तोकिएका १४ जिल्लाहरु र अन्य प्रभावित जिल्लाका कृषकहरुले पालिआएका पशुपन्छीहरूको मृत्यु वा पूर्णरुपमा अशक्त भै अनुत्पादक हुँदा र गोठ खोर लागायतका पुर्वाधारहरुको क्षतीले कृषकहरूलाई मर्माहत बनाएको छ । यी कृषकहरूलाई खाद्य तथा पोषण सुरक्षाका साथै आयआर्जन गरी जिविकोपार्जनमा सुधार ल्याउन पशुपन्छी पुनर्स्थापना कार्यक्रम एक उपयुक्त कार्यक्रम हुन सक्छ। नेपाल सरकारको नीति तथा कार्यक्रम बमोजिम भुकम्प प्रभावित जिल्लाहरुमा पशुपन्छी सम्बन्धि राहत तथा पुनर्स्थापना कार्यक्रम कार्यान्वयनलाई थप व्यवस्थित, सरल, प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न पशुपन्छी विकास मन्त्रालयले भूकम्प प्रभावित जिल्लाहरुमा पशुपन्छी सम्बन्धि राहत तथा पुनर्स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७३ जारी गरेको छ ।

## परिच्छेद १ प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ :

क. यो कार्यविधिको नाम " भूकम्प प्रभावित जिल्लाहरुमा पशुपन्छी सम्बन्धि राहत तथा पुनर्स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७३" रहेको छ

ख. यो कार्यविधि नेपाल सरकार पशुपंन्छी विकास मंन्त्रालयबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

२) परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि प्रयोजनका लागि

क. "मन्त्रालय" भन्नाले पशु पशुपन्छी विकास मन्त्रालय संम्झनुपर्छ ।

ख. "विभाग" भन्नाले पशु सेवा विभाग संम्झनुपर्छ ।

ग. "निर्देशनालय" भन्नाले पशु उत्पादन निर्देशनालय सम्झनु पर्दछ ।

घ. "कार्यालय" भन्नाले जिल्ला पशु सेवा कार्यालयलाई संम्झनुपर्दछ ।

ङ. "कार्यक्रम" भन्नाले यस कार्यविधिको अधिनमा रही भूकम्प प्रभावित जिल्लाहरुमा पशुपन्छी सम्बन्धि राहत तथा पुनर्स्थापना कार्यक्रमलाई संम्झनुपर्छ ।

३. उद्देश्यः

१. भूकम्पबाट अति प्रभावित तोकिएका जिल्लाका कृषकहरुलाई उपयुक्त नश्ल र जातीका पशुपन्छीहरु अनुदानमा उपलब्ध गराई पशुजन्य उत्पादनमा वृद्धि गरी खाद्य सुरक्षा तथा आयआर्जनमा अभिवृद्धि ल्याउनु रहेको छ ।

२. गोठ खोर निर्माण गरि भुकम्पबाट प्रभावित पशुपालन क्षेत्रलाई सुधार गर्ने।

३. पशुजन्य पदार्थहरुको वजारीकरणका लागि उपकरणहरु वितरण।

४. स्वीकृत कार्यक्रमलाई प्रभावकारी र सरल तरिकाले कार्यान्वयन गर्न।

५. नेपाल सरकार पशुपन्छी विकास मन्त्रालयको प्रतिबद्धता पुरा गर्न।

अ. पशुपन्छी वितरण र गोठ/खोर पुनर्निमार्णमा सहयोग कार्यक्रम (प्रभावित ३१ जिल्लाका लागि)

४) कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था:

१. यस कार्यक्रमको कार्यन्वयन जिल्ला पशु सेवा कार्यालयले गर्नेछ । छनौट गरिने गोठ/ खोर निर्माणका लागि पशु सेवा विभागले कार्यविधिको अभिमुखिकरण गराउनुपर्नेछ ।

२. चिलिङ भ्याट वितरणका लागि दुग्ध उत्पादक सहकारी संस्था,दुध संकलन केन्द्र दुध संकलन संस्थागत रुपमा कम्तिमा २०० लिटर दैनिक रुपमा संकलन भएको र भुकम्पको कारण वजारिकरणमा कठिनायी भएको क्षेत्रमा वितरण गर्न प्राथमिकता दिने ।

३. भुकम्पको कारण गोठ क्षती भएको कृषक परिवारका लागि वितरण गरिने स्टेनलेस स्टीलको क्यान तथा टयामी ढक्कन भएको र कम्तिमा ४ लिटर क्षमता भएको हुनुपर्ने छ ।

४. ग्रामिण कुखुरा वितरण: भुकम्पको कारण क्षती भएको पशुपन्छी का आधारमा न्युन आय भएका कृषक परिवारका लागि क्षतीको र आवश्यकताका आधार मा प्राथमिकिकरण गरी सहयोग गरिने

५. पशु स्वास्थ्य व्यवस्थापन: भुकम्पको कारण पशुपन्छीमा उत्पादकत्व कम भएको क्षेत्र प्राथमिकिकरण गरी वाझोपन निवारण सहितको घुम्ती शिविरहरु संचालन गरी सहयोग गरिनेछ।

६. लक्षित वर्ग पहुँचका लागि सहयोग कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुमा जनजाति सिमान्तकृत र विपन्न भूकम्प पिडितका लागि मात्र संचालन गर्नुपर्नेछ ।

५) कार्यक्रम संचालन प्रक्रिया:

५.१ सम्बन्धित जिल्लामा उपयुक्त हुने नश्ल र जातका जनावरहरु वितरण गर्ने सम्बन्धि निर्णय सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले गर्नेछ ।

५.२ कार्यक्रम तथा बजेटको अख्तियारी प्राप्त गरेपछि सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले सबैको जानकारीका लागि पशु सेवा केन्द्र, स्थानीय पत्रपत्रिका, रेडियो, एफ.एम.का माध्यमबाट सम्बन्धित कृषकहरुलाई सूचना दिई निवेदन संकलन गर्नेछ ।

५.३ प्राप्त भएका निवेदनहरुको छनौट गरी जिल्ला दैवी प्रकोप उद्धार समिति समक्ष पेश गर्न सम्वन्धित जिल्ला पशु सेवा कार्यालयका प्रमुखको संयोजकत्वमा देहाय बमोजिम सदस्य रहने गरी छनौट समिति गठन गरीनेछ ।

| | |
|---|---|
| १.प्रमुख जिल्ला पशु सेवा कार्यालय | संयोजक |
| २.अधिकृत प्रतिनिधि जिल्ला प्रशासन कार्यलय | सदस्य |

२

| | |
|---|---|
| ३. अधिकृत प्रतिनिधि जिल्ला विकास समितिको कार्यालय | सदस्य |
| ४. अधिकृत प्रतिनिधि कोष तथा लेखा नियन्त्रक कार्यालय | सदस्य |
| ५. पशुपालक व्यवसायी संघको अध्यक्ष वा प्रतिनिधि २ जना | सदस्य |
| ६. अधिकृत योजना शाखा पशु सेवा कार्यालय | सदस्य सचिव |

५.४ छनौट समितिवाट उपयुक्त कृषकहरुको नामावली छनौट गरी जिल्ला दैवी प्रकोप उद्धार समिति समक्ष पेश भएका निवेदन समितिले अनुमोदनगरी कृषकहरुको नामावली सबैको जानकारीका लागि जिल्ला पशु सेवा कार्यालय र सेवा केन्द्रको सूचनापाटीमा टाँस गर्नेछ ।

५.५ छनौट भएका कृषकहरुलाई कार्यालयले बुँदा नं. ५.१ अनुसार सिफारिश गरे मुताविकका तोकिएका प्रकार र जातका पशुपन्छीहरुको संख्या तोकी उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने छ

५.६ वाखा तथा बोका वितरण गर्दा कम्तिमा १८ के जी जिउदो तौल पुगेको र पि. पि. आर. खोप अनिवार्य रुपमा लगाई सकेपछि मात्र वितरण गर्नुपर्नेछ ।

५.७ छनौट भएका कृषकहरुलाई जिल्ला पशु सेवा कार्यालयले स्वीकृत कार्यक्रम र बजेटको परिधिभित्र रही कार्य सम्पन्न भैसकेपछि गाउँ विकास समिति/नगरपालिका/स्थानिय निकाय र सम्वन्धित पशु सेवा केन्द्रको सिफारिस अनुसार एकै किस्तामा रकम भुक्तानी गरिनेछ ।

५.८ स्वीकृत कार्यक्रममा उल्लेखित अन्य क्रियाकलापहरु कार्यान्वयन गर्ने प्रक्रिया उल्लेखित बुँदा नं. ५.३ बमोजिमको समितिले संभाव्यता यथार्थता सन्दर्भ र वास्ताविक वस्तुस्थितिको आधारमा तयार गरी जिल्ला दैवी प्रकोप उद्धार समितिवाट अनुमोदन गराई कार्यन्वयन गरिनेछ ।

६) आर्थिक कार्यविधिः

| | क्रियाकलापहरु | ईकाई | परिमाण | नेपाल सरकारको तर्फवाट अधिकतम राहात सहयोग रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५०० लिटर क्षमताको चिलिङ् भ्याट वितरणगर्ने | संख्या | १ | २५०००० | |
| २ | दुध दुहुने स्टेनलेस स्टीलको क्यान तथा टयामी वितरण प्रति वटा | संख्या | १ | १५०० | |
| ३ | वाखाको खोर निर्माणमा सहयोग | संख्या | १ | १०००० | |
| ४ | गाई भैसीका लागि गोठ निर्माणमा सहयोग | संख्या | १ | २०००० | |



१७

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | कुखुराको खोर निर्माणमा सहयोग प्रति खोर | संख्या | १ | ५००० | |
| ६ | उच्च प्रजनन मानका बंगुरका पाठापाठी वितरण | संख्या | १ | ५००० | |
| ७ | पशु स्वास्थ्य व्यवस्थापन | वटा | १ | १७५००० | प्रभावित क्षेत्रमा घुम्ती पशु स्वास्थ्य शिविर संचालन गर्ने |
| ८ | उच्च प्रजनन मानका बोका वितरण कम्तीमा १८ के जी जिउदो तौल भएको | संख्या | १ | १५००० | |
| ९ | थुमा वितरण कम्तीमा १५ के जी जिउदो तौल भएको | संख्या | १ | २०००० | |
| १० | कुखुराका चल्ला वितरण | संख्या | १ | ५० | |

आ. पशुपन्छी पुनर्स्थापना सहयोग कार्यक्रम (भुकम्प अतिप्रभावित १४ जिल्लाका लागि)

७. कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था:

७.१ कृषक छनौट:

७.१.१ सम्बन्धित जिल्लामा उपयुक्त हुने नश्ल र जातका जनावरहरु वितरण गर्ने सम्बन्धि निर्णय सम्बन्धित जिल्लाको पशु विकास कार्यदलले गर्नेछ।

७.१.२ कार्यक्रम तथा बजेटको अख्तियारी प्राप्त गरेपछि, सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले सबैको जानकारीका लागि स्थानीय पत्रपत्रिका, रेडियो, एफ.एम.का माध्यमबाट सम्बन्धित कृषकहरुलाई सूचना दिई अनुसुची १ बमोजिमको निवेदन संकलन गर्नेछ। प्राप्त भएका निवेदनहरुको छानविन गर्न सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले जिल्ला दैवी प्रकोप उद्धार समिति समक्ष पेश गर्नेछ । समितिले छानविन गरी छनौट गरेका कृषकहरुको नामावली सबैको जानकारीका लागि जिल्ला पशु सेवा कार्यालयले आफ्नो सूचनापाटीगा टाँस गर्नेछ ।

७.१.३ छनौट भएका कृषकहरुलाई जिल्ला पशु कार्यालयले बुँदा नं. ३.१.१ अनुसार सिफारिश गरे बमोजिमका तोकिएका प्रकार र जातका पशुपन्छीहरुको संख्या तोकी उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने छ ।

७.१.४ छनौट भएका कृषकहरुलाई जिल्ला पशु सेवा कार्यालयले स्वीकृत कार्यक्रम र बजेटको परिधिभित्र रही प्रति कृषक बढिमा रु. २५००० (पच्चिस हजार) सम्म निजले खोलेको बैंक खातामा ५०/५० प्रतिशतको दुई किस्तामा रकम जम्मा गरिदिने छ । पहिलो किस्ताको रकम प्राप्त गरी तोकिएका जात र संख्याका पशुपन्छीहरु खरिद गरी पशु बिमा समेत गरेको

४

रकम प्राप्त गरी तोकिएका जात र संख्याका पशुपन्छीहरु खरिद गरी पशु बिमा समेत गरेको प्रमाण संलग्न गरी सम्बन्धित पशु सेवा केन्द्रवाट जिल्ला पशु सेवा कार्यालयलाई सिफारिश भएपछि दोश्रो किस्ता बैंक खातामा जम्मा गरिदिनेछ ।

७.१.५ अनुदानमा खरिद गरिएका पशुपन्छीहरु/पशुपालन व्यवसायलाई सामान्यतया ३ वर्षसम्म निरन्तर रुपले सञ्चालन गर्नुपर्नेछ । यस सम्बन्धमा सम्बन्धित कृषक र जिल्ला पशु सेवा कार्यालयका विचमा युवालक्षित पशुपालन कार्यक्रममा उल्लेख भए बमोजिम जस्तो द्विपक्षिय सम्झौता गरिनेछ ।

७.१.६ बुँदा नं. ३.१.२ अनुसार छनौट भै बुँदा नं. ३.१.४ अनुसारको अनुदान प्राप्त गर्ने कृषकले आवश्यक पर्ने गोठ, पशु आहारा, पशु स्वास्थ्य र पशु प्रजनन् संग सम्बन्धित सम्पूर्ण व्यवस्था आफैले नै मिलाउनु पर्नेछ।

८) आर्थिक कार्यविधि:

| क्र.सं. | कार्यक्रमको विवरण | इकाई | परिमाण | बजेट रु. हजार/जिल्ला बढिमा (स्विकृत कार्यक्रममा तोकिएवमोजिम) |
|---|---|---|---|---|
| १ | जिल्ला दैवि प्रकोप समितीवाट कृषक छनौट | पटक | १ | ७ |
| २ | सरोकारवाला सग अन्तरक्रिया कार्यक्रम | पटक | १ | ११ |
| ३ | छनौट भएका कृषकलाई स्थलगत तालिम | पटक | १ | २० |
| | कार्यक्रम संचालन गर्न स्थलगत अभिमुखिकरण | पटक | १ | ७ |
| २ | पशुपन्छी खरिदका लागि अनुदान वितरण | पटक | २ | ६९० |
| ४ | अनुगमन तथा प्रतिवेदन | पटक | १ | ७ |
| | जम्मा | | | ७४२ |

९) आर्थिक प्रशासन

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

१०) अनुगमन तथा मूल्याङ्कन र प्रगती प्रतिवेदन

कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्वन्धित जिल्लाको दैवी प्रकोप उद्धार समिति, क्षेत्रीय पशु सेवा निर्देशनालय, जिल्ला पशु सेवा कार्यालय, पशु उत्पादन निर्देशनालय, पशु सेवा विभाग र पशुपन्छी विकास मन्त्रालयवाट गरिने छ । कार्यक्रमको चौमासिक प्रगति प्रतिवेदन सम्वन्धित जिल्ला पशु सेवा कार्यालयले क्षेत्रीय पशु सेवा निर्देशनालयमार्फत पशु उत्पादन निर्देशनालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

११) थपघट वा हेरफेर गर्न सक्ने

क) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

ख) यस कार्यविधिको कार्यान्वयमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

अनुसुची १

कृषकहरुले पेश गर्ने निवेदनको ढाँचा

श्री प्रमुख ज्यु

जिल्ला पशु सेवा कार्यालय ..........

विषयः पशुपन्छी पुनर्स्थापना कार्यक्रममा सहभागी हुन पाउँ भन्ने बारे।

प्रस्तुत विषयको सम्वन्धमा ......... गा.वि.स ...... वार्ड वस्ने म ................. ले २०७२ सालको भुकम्पमा अती प्रभावित क्षेत्रमा परी मेरा ..... सङ्ख्यामा ................ जनावरहरुको मृत्यु/ पुर्ण रुपमा अशक्त भएको हुनाले त्यस कार्यलयको आ.व.०७३/७४ को स्विकृत कार्यक्रमवाट नियमानुसार अनुदान पाउँ भनी यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु

नागरिकताको प्रमाणपत्र......

सम्वन्धित निकायवाट भुकम्प प्रभावित भएको भनि जारी गरेको प्रमाणपत्र ..

भुकम्पमा भएको पशुको क्षति विवरण ...........

आदि आबश्यकताअनुसार जि.प.से.का ले माग गरे बमोजिम

..............

निवेदक

नाम

ठेगाना



177